सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२८ | वि.सं. २०७९ मंसिर २२ गते विहीबार | 08, 2022 Thursday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# कोभिड १९ विरुद्ध खोप अभियान गर्न जिल्ला स्तरिय समन्वय बैठक सम्पन्न

मंसिर २१ वीरगंज

नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला शाखाको आयोजनामा कोभिड १९ विरुद्ध खोप अभियान संचालन गर्न जिल्ला स्तरिय समन्वय बैठक सम्पन्न भएको छ । क्ष्च्ऋ को सहयोगमा नेपाल रेडक्रस सोसाइटी केन्द्रको समन्वयमा नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला शाखाले कोभिड १९ विरुद्ध खोप अभियान संचालन गर्न गइरहेको जानकारी बैठकमा गराइएको थियो ।



कोमिड १९ विरुद्ध खोप अभियान कार्यक्रम सम्बन्धि जिल्ला स्तरिय समन्वय बैठक नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला शाखाका सभापति विरेन्द्र राज कँडेलको अध्यक्षतामा भएको बैठकमा नेरेसो मधेश प्रदेशका अध्यक्ष फूलमहम्मद मियाँ पकाहा मैनपुर गाउँपालिकाका अध्यक्ष सुरेश प्रसाद विन्दवासिनी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजु साह जिल्ला स्वास्थ कार्यालयका निड्ड प्रमुख विनोद झा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि गौरीशंकर गुप्ता नेरेसो पर्सा शाखाका उपसभापति मधु राणा उपमन्त्री साबिर अहम्मद एराज एनजिओ फेडेरेसनका अध्यक्ष छठु साह लगायत कार्यक्रमसँग सम्बन्धित कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

बैठकको उद्देश्य माथि प्रकाश पार्दै सभापति कँडेलले खोपको कम कभरेज रहेको पालिकामा खोप अभियान संचालन गर्न नेपाल सरकार समेतको आग्रहमा नेरेसोले कार्यक्रम गर्न लागेकोमा सरोकारवाल सबैको सहयोग भए मात्र सफल हुने बताएका थिए । त्यसै गरि नेरेसोका मधेश प्रदेश अध्यक्ष मियाँले रेडक्रस सरकारको सहयोगी निकायको रुपमा सहयोग गर्दै आएकोमा यसै प्रकृतिको कार्यक्रम मधेश प्रदेशमा सिराहा र महोत्तरीमा समेत संचालन हुँदै गरेको सबैको सहयोग र समन्वय भएमा सफलता प्राप्त गर्न सकिने

***बाँकी तेश्रो पृष्ठमा***

# वडा प्रहरी कार्यालय विर्ताद्वारा बिल बिजक भन्दा बढी सामाग्री रहेको ट्रक नियन्त्रणमा




वीरगन्ज । वडा प्रहरी कार्यालय विर्ताले बिल बिजक भन्दा बढी औषधी, लत्ताकपडा तथा खुद्रा सामाग्रीहरू लोड रहेका ट्रक नियन्त्रणमा लिएको छ ।

बिल विजक भन्दा बढी खुद्रा, लत्ता कपडा तथा औषधी लगायतका सामानहरू बोकेको ट्रक वीरगञ्जबाट कास्कीतर्फ गईरहेको क्रममा सूचना प्राप्त भई वडा प्रहरी कार्यालय विर्ताको मातहतमा खटिएको टोलीले मंगलबार राती जिल्ला पर्सा वीरगञ्ज महानगरपालिका वडा नं. ६ लोहारपट्टी चोक स्थित सडकखण्डमा ना.३ ख २७७ नम्बरको मालवाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा नमस्ते ट्रासपोर्टबाट पठाईएको ट्रकमा विल बिजक संकास्पद देखिएको हुँदा वडा प्रहरी कार्यालय विर्ताले नियन्त्रणमा लिएको छ ।

उक्त ट्रक नियन्त्रणमा लिई हेर्दा एकसट्ठी लाख छयालीस हजार बाह्र बराबरको खुद्रा, लत्ताकपडा तथा औषधीजन्य सामाग्रीहरू फेला पारेको छ । थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि आज बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको छ ।

# मेयर सिंहको निर्देशनपछि वीरगञ्जमा जथाभावी टांगिएका तार हटाउन सेवा प्रदायक सहमत



**वीरगञ्ज, २१ मंसिर ।** वीरगञ्ज महानगरपालिकाले नगरभित्र रहेका अव्यवस्थित तार व्यवस्थापन गर्न सेवा प्रदायकलाई निर्देशन दिएको छ ।

मंगलबार बसेको बैठकमा महानगरका प्रमुख राजेशमान सिंहले सेवा प्रदायक संस्थाका प्रतिनिधिलाई जथाभावी टाँगिएका तार व्यवस्थित गर्न निर्देशन दिएका हुन् ।

जथाभावी टाँगिएका तारका कारण नगरको सौन्दर्यता विग्रिनुका साथै दुर्घटनाको जोखिम समेत देखिएकाले व्यवस्थित गर्न महानगरले पटक पटक प्रयास गरिरहेको छ । तर सेवा प्रदायक संस्थाहरुले सहयोग नगर्दा महानगरको अभियान पूरा हुन सकिरहेको छैन । मंगलबार इन्टरनेट सेवा प्रदायक संस्था र केवल टिभीका प्रतिनिधिलाई बोलाएर जथाभावी टाँगिएका तार व्यवस्थापन गर्न मेयर सिंहले निर्देशन दिएका हुन् ।

बैठकमा पहिलो चरणमा वीरगञ्जको आदर्शनगर क्षेत्रमा रहेका अव्यवस्थित तार व्यवस्थित गरेर अभियान अघि बढाउने सहमति भएको छ ।

अभियानलाई सार्थक बनाउन आउँदो २३ गते शुक्रबारदेखि अव्यवस्थित रुपमा

***बाँकी तेश्रो पृष्ठमा***

# प्रहरी स्थानीय बीच झडप



रौतहट २१ मंसिर

रौतहट स्थित एकजना शिक्षकले छात्रालाई दुर्व्यवहार गरेको आरोपमा

***बाँकी तेश्रो पृष्ठमा***

# केपी ओलीको चुनाव खर्च १८ लाख ८२ हजार रुपैया मात्र

**वीरगन्ज ,२१ मंसिर : झापाबाट प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा उठेका उम्मेदवारहरूले जिल्ला निर्वाचन कार्यालय झापामा धमाधम चुनावी खर्च विवरण बुझाउन थालेका छन्।**

**झापाका ५ निर्वाचन क्षेत्रबाट ९४ जना प्रतिनिधिसभा र ९८ जना प्रदेशसभा गरी १९२ जना उम्मेदवारमध्ये बुधवार दिउासोसम्म ७३ जनाले चुनावी खर्च विवरण बुझाएको निर्वाचन कार्यालयका सूचना अधिकारी प्रकाश न्यौपानेले जानकारी दिए। जसमा ४० जना प्रतिनिधिसभा र ३३ जना प्रदेशसभा सदस्यतर्फका उम्मेदवार छ। जिल्लाबाट निर्वाचित पााच जना प्रतिनिधिसभा र १० जना प्रदेशसभा सदस्यमध्ये हालसम्म तीन जनाले मात्र चुनावी खर्च विवरण बुझाइसकेका छन्।**



**झापा क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिमार्फत मगंलवार चुनावी खर्च विवरण बुझाएका हुन्।**

**ओलीले चुनावी प्रचार सामग्री छपाइ, यातायात, खाजा खाना, सम्पर्क कार्यालय स्थापना र सञ्चालनलगायत गरी विभिन्न शीर्षकमा १८ लाख ८२ हजार ५० रुपैयााको चुनावी खर्च विवरण बुझाएका सूचना अधिकारी न्यौपानेले बताए।**

**सो क्षेत्रमा प्रतिनिधिसभा सदस्य उम्मेदवारले ३१ लाख रुपैयाा चुनावमा खर्च गर्न पाउने प्रावधान थियो। त्यस्तै झापा ५ (२)बाट प्रदेश सांसदमा एमालेबाट निर्वाचित होमबहादुर थापा र झापा १ (२) बाट प्रदेश सांसदमा राप्रपाबाट निर्वाचित सबिना बजगाईंले चुनावी खर्च विवरण बुझाएका छन्। थापाले १२ लाख १८ हजार ९३० र बजगाईंले ६ लाख ४८ हजार ५९० रुपैयाा ३७ पैसा चुनावी खर्च बुझाएको उनले बताए। झापा १ (२) मा १५ लाख र ५ (२)मा १७ लाख चुनावमा खर्च गर्न पाउने प्रावधान थियो।**

**निर्वाचन परिणाम घोषणा भएको ३५ दिनभित्र उम्मेदवारहरूले आˆनो चुनावी खर्च विवरण बुझाइसक्नु प्रावधान छ। सो म्यादभित्र खर्च विवरण नबुझाए निर्वाचन आयोगले जरिवाना गर्नेछ। साभार :अन्नपूर्ण पोष्ट**



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# गरिबीका पक्षमा लोकतन्त्र

**भास्कर गौतम**

अहिले देशमा नयाँ सरकार गठनसँगै काठमाडौं महानगरपालिका, बाग्मती सभ्यता एकीकृत विकास समिति, उपत्यका विकास प्राधिकरण आदि शासकीय संरचनाले अँगालेका नीति र हिंसाको परिचर्चा सर्वत्र छ । भनिन्छ, मतदानका आधारमा बन्ने सरकारले शान्तिपूर्ण लोकतन्त्रलाई बलियो बनाउँछ। यही मान्यतामा विश्वस्त हुँदै भोट हाल्ने काम गरिन्छ । अधिकांशको ठम्याइ छ, मतदानबाट वैधता पाएको सरकारले शान्ति र सहमतिका आधारमा शासन गर्ने संस्कृति अँगाल्छ ।

लोकतन्त्रमा शान्ति र सहमति नै शासनको जग बनिहाल्दैन । सत्तामा पुनासाथ निर्वाचित शासकहरूको ध्येय शान्ति बिथोल्ने, सहमति उल्लंघन गर्ने र खुला बजारका नाममा सीमित व्यापारिक स्वार्थ प्रवर्द्धन गर्ने हुन्छ । हाम्रो लोकतन्त्र बलियो नहुनुको प्रमुख कारण यही हो ।

अहिले पनि यही भइरहेको छ । पछिल्लो निर्वाचनको नतिजा नटुङ्गिँदै काठमाडौं महानगरले अभिजातमुखी व्यवस्था र बल प्रयोग नै आफ्नो शासनको साधन रहेको पुनः प्रमाणित गरेको छ । महानगरले विकासका नाममा पटकपटक हिंसाको प्रयोग गर्न थालेको छ । त्यसमा विनाश निहित छ ।

विनाश मात्र होइन, सार्वजनिक सहमति बिथोल्दै लोकतन्त्र गरिबविरुद्धको व्यवस्था हो भन्ने सन्देश छ । जबकि लोकतन्त्रले गरिबजनको होइन, गरिबीका विपक्षमा व्यापक शासकीय सहमति जुटाउने विश्वास धेरैले राख्छन् ।

गरिबीका विपक्षमा व्यापक शासकीय सहमतिको सम्भावना नै गरिबजनका लागि लोकतान्त्रिक व्यवस्थामा विश्वास गर्ने मुख्य आशा हो । मानव सभ्यताको इतिहासमा आशा के हो वा के होइन भन्नेबारे लामो बुझाइ र व्याख्या छ । आम मानिसलाई केन्द्रमा राख्ने राजनीतिक आशाको इतिहासले धेरै शताब्दी छिचोलिसकेको छ ।

तथापि बीसौं शताब्दीका प्रारम्भिक दशकहरूसम्म आशा मूलतः धार्मिक र आध्यात्मिक जगमा टिकेको थियो । यस्तो जग कतै प्रकट त कतै सुषुप्त रूपमा छँदै छ, तर बीसौं शताब्दीको मध्यदेखि आशालाई बुझ्ने र नियाल्ने दृष्टिकोण धार्मिक आस्था र मूल्यमान्यताको ढाँचामा सीमित रहेन । मूलतः दोस्रो विश्वयुद्धले निम्त्याएको मानवीय अपराध र निराशासँगै आशा धेरै हदसम्म बढी धार्मिक खाकाबाट बाहिर निस्कियो ।

अमेरिकामा चलेको रंगभेदविरोधी संघर्षका दौरान मार्टिन लुथर किङले औंल्याएजस्तै आशामा नयाँ वास्तविकता हासिल गर्ने प्रचुर सम्भावना छ । उनी बीसौं शताब्दीका प्रख्यात समाजसुधारकहरूमध्ये एक थिए । 'मसँग सपना छ' भन्ने उक्ति उनका राजनीतिक भाषणहरूमध्ये बहुचर्चित बन्यो । शान्तिपूर्ण परिवर्तन रोज्नेहरूका लागि पुस्तौंपुस्तासम्म उनी प्रेरणाका स्रोत बने । उनको भाषणको अभिप्राय प्रस्ट थियो, जसले रंगका आधारमा संसार विभक्त नहुने आशा देखाएको थियो । तर उनको आशा साकार हुन मानव सभ्यताले नयाँ वास्तविकता हासिल गर्नुपर्छ । त्यस्तो वास्तविकता तत्कालै हासिल हुने छाँट छैन । तर सर्वसाधारणको आशा जीवन्त नरहे सम्भावना पनि रहँदैन ।

मार्टिन लुथर किङले जसरी रंगभेदरहित नयाँ वास्तविकताको आशा जगाए, त्यसरी वर्गभेदरहित मानव सभ्यताको आशा जगाउनेहरू पछिल्लो शताब्दीमा धेरै छन् । तथापि वर्गभेद हिजोभन्दा आज प्रचुर छ । वर्गभेद प्रचुर रहँदैमा वर्गीय विभेद नरहने नयाँ वास्तविकताको आशा मरिहाल्ने सम्भावना छैन ।

पछिल्लो समय वर्गभेदलाई बलशाली बनाउन सबैभन्दा छद्म भूमिका लोकतन्त्रले खेलेको छ । यस्तो आखिर कसरी भयो, त्यो पहिल्याउन लोकतन्त्रतर्फ नै फर्कनुपर्छ ।

लोकतन्त्र फगत जथाभावी बकबक गर्ने, खुला व्यापारका नाममा सीमित व्यापारीले धरतीलाई नष्ट गर्ने र कालचक्रमा मतदान गरिरहने व्यवस्थाको मात्रै नाम होइन । तर अहिले लोकतन्त्र लगभग यत्तिमै खुम्चिएको छ ।

ग्रीक आदर्शबाट लोकतन्त्रले कोल्टे फेरिसकेको छ । ग्रीक बुझाइमा लोकतन्त्र सर्वसाधारणका पक्षमा ढल्किन सक्ने शासन थियो । तर अहिले पश्चिममा र संसारका अधिकांश भागमा लोकतन्त्र अभिजात र सम्भ्रान्तहरूको शासन हो । यस्तो शासनलाई बलियो बनाउन संसारभर मध्यम वर्गले सघाएको छ । तथापि संसारभर विश्व जनसंख्याको ठूलो हिस्सा गरिब भएकाले लोकतन्त्रको आधारभूत आदर्शले अपूर्व उपस्थिति र जुझारुपन देखाइरहन्छ ।

उपनिवेशबाट राष्ट्रिय स्वतन्त्रता हासिल गरेका अधिकांश देशमा, जसले जतिसुकै तर्क र दाबी गरे पनि, गरिबजन संविधान बनाउने र देशको भविष्यको सामूहिक खाका कोर्ने कार्यमा सहभागी हुन पाएका छैनन् । गरिबजनको सहभागिताका लागि लोकतान्त्रिक आधार सीमित भएकाले निश्चित देशले कोरेको भावी आशामा उनीहरूको सहमति छैन । अझ नेपालजस्तो प्रत्यक्ष औपनिवेशिक शासन नभोगेको मुलुकले न आफ्ना नागरिकलाई वैश्विक स्तरमै शिक्षित बनाउनेबारे केही गर्‍यो, न त जनताको आम सहमतिमा जनपक्षीय शासन गर्ने आधार बनायो । पछिल्ला केही दशकमा नेपालले लोकतन्त्रका नाममा धेरै निर्वाचन गरे पनि यस्तो शासकीय आधार बनाउने ठोस प्रयत्न गर्न सकेको छैन ।

तर आशाको आफ्नै सामर्थ्य हुन्छ । नेपालमा समेत लोकतन्त्र अभिजातीय स्वार्थमा पूर्णतः ढल्किएको भए पनि गरिबजन विस्तारै लोकतान्त्रिक व्यवस्थाका लागि महत्त्वपूर्ण कर्ता भइरहेका छन् । को गरिब हो र को गरिब होइन, त्यो परिभाषित गर्न सोचेजस्तो सजिलो छैन । पछिल्ला तीन-चार दशकमा मात्र गरिबीको रेखाबारे धेरै बाझिने मतहरू हावी भए । गरिबलाई जसरी व्याख्या गरे पनि त्यो एकरूपीय बुझाइ हुन सक्दैन जसको मूल आधार आम्दानी होस् । घरपरिवारको आम्दानी र उपभोग गर्ने क्षमताभन्दा पर सामाजिक-आर्थिक पक्षका बहुमुखी पत्रहरूले गरिबजनलाई उत्तिकै असर गरिरहेका हुन्छन् । त्यस्ता विविध असर जसले गरिबलाई गरिबीको चक्रबाट उम्कन दिँदैनन् ।

गरिबको सामाजिक-आर्थिक संसारलाई नबुझी न गरिबीलाई पहिल्याउन सकिन्छ न लोकतन्त्रलाई नै बुझ्न सकिन्छ । अभिजातहरूले लोकतन्त्रबारे जेसुकै दाबी गरे पनि, त्यस्तो व्यवस्थामा नागरिक अधिकारलाई जसरी लिपिबद्ध गरे पनि, गरिबजनले भुइँतहबाट कसरी लोकतान्त्रिक सहमति रोज्छन् भन्ने पक्ष नबुझे लोकतन्त्र बोक्रे रटानमा सीमित हुन्छ ।

भनिरहनु परेन, सहमतिहरू आफैंमा बहुमुखी हुन्छन् । गरिबजनले अपेक्षा गर्ने सहमति भनेको शासकीय स्वार्थका लागि शेरबहादुर देउवा, पुष्पकमल दाहाल र केपी ओलीले गरेजस्तो गोप्य सहमति होइन । भुइँतहका सर्वसाधारणको सहमति हिंसामा टिकेको अभिजातीय शासनको जगलाई उल्ट्याउनका लागि, जनपक्षीय शासनमा सहमति जुटाउनका लागि र कतिपय अवस्थामा जनविरोधी शासनका विपक्षमा संघर्ष गर्नका लागि हुन्छ । त्यसैले केवल चुनावी चक्र, त्यसको वैधता र मौसमी लहरसँगै उदाएका नवशासकहरूको भूमिकामा कदापि सीमित हुँदैन लोकतान्त्रिक सहमति, न त केवल मध्यमवर्गीय स्वार्थमा सीमित हुन्छ ।

यो पनि भनिरहनु परेन, गरिबको राजनीतिलाई समाजमा विद्यमान चरम उचनीचको ऐतिहासिकताले धेरै

**बाँकी तेश्रो पृष्ठमा**

# नारायणी किनार बचाऊ !

**सरिता तिवारी**

केही दिनयता चितवनका पर्यावरणकर्मीहरू भरतपुर महानगरतर्फ फर्किएर महानगर स्वयं संलग्न एउटा गम्भीर त्रुटिपूर्ण पर्यावरणीय मुद्दाको जवाफदेही खोजिरहेका छन् । त्यो जवाफदेही औद्योगिक र व्यावसायिक समृद्धिको लक्ष्यसँगै जोडिएर आउने पर्यावरण र मानव संरक्षणमुखी दीर्घकालीन विकासको चिन्ताले प्रेरित छ ।

यसबाहेक त्यसमा कुनै राजनीतिक निहितार्थ या साध्य साध्ने गतिविधिको गन्ध अहिलेसम्म भेटिएको छैन । तर स्थानीय सरकार सम्हालेका मानिसहरू भने आफूले गरेका/ गर्न लगाएका गतिविधिमाथि प्रश्न उठनासाथ त्यसलाई राजनीतिक विरोधीहरूका निहित स्वार्थप्रेरित क्षणिक आलोचनाभन्दा फरक अर्थमा बुझ्न तयार देखिँदैन ।

मुद्दा हो- केही दिनअघि नारायणी किनारस्थित प्रदर्शनी मैदानमा गएका वर्षहरूमा बाढीले बनाएका खाल्डा पुर्ने भन्दै झन्डै एक सय पचास टन फोहोर ओछ्याइएको प्रकरण । उद्योग वाणिज्य संघ, चितवनको अगुवाइमा हरेक दुई वर्षमा आयोजना हुने चितवन महोत्सव यस पटक पुस २५ देखि माघ ४ सम्म गर्ने निश्चित भएपछि प्रदर्शनीस्थल तयार गर्ने क्रममा यसो गरिएको थियो ।

यस विषयमा सार्वजनिक प्रश्न उठ्दा भरतपुर महानगरपालिका, सहरी विकास मन्त्रालय, नारायणी तटबन्धन आयोजना कार्यालय र पर्यटन विभागसमेतको संलग्नता र सल्लाहमै यसो गरिएको भन्ने नगरप्रमुख रेणु दाहालको नामबाट फेसबुक टिप्पणी आयो ।

यसलगत्तै बेटर चितवन लगायतका पर्यावरणीय सरोकारमा कार्यरत संस्थाका अभियन्ताहरूले लगातार नारायणी किनार र महानगरपालिका परिसरमै शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेका छन् । चितवनका संरक्षणकर्मी, पत्रकार, बुद्धिजीवीले सार्वजनिक वृत्तमै राखिरहेका चासो र प्रश्नहरूलाई बेवास्ता गर्दै सम्बन्धित निकायहरूले देखाएका व्यवहार भने भरतपुर महानगरपालिका स्वयंले बनाएका संरक्षण ऐन, प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यविधिका साथै नारायणी नदी व्यवस्थापन र सञ्चालन कार्यविधिको खिलाफमा छन् ।

नदीको तटक्षेत्र जहाँसुकैको होस्, त्यो आफैँमा मानव र जीवजन्तुका लागि संवेदनशील स्थल हुँदै हो; त्यसमा पनि नारायणी नदीले सँगेटेको किनाराको भूभाग अढाई दशकयता मानिसहरूको नियमित चहलपहल हुने, गर्मीमा शीतल हावाका लागि र जाडोमा घाम ताप्न नगरवासी र आगन्तुकको समेत प्रिय थलो बन्दै आइरहेको छ । पछिल्लो समय विभिन्न औद्योगिक प्रदर्शनी, आमसभा, धार्मिक कार्यक्रम, सांगीतिक कन्सर्ट र महोत्सवहरूका लागि भरतपुर क्षेत्रमा रोजिने पहिलो ठाउँ यही हो । पर्यटन प्रवर्द्धनका कोणबाट समेत राम्रै मुनाफा आर्जन गर्न, नदीजन्य र नदीकिनारामा कारोबार गराउन स्थानीय तह र उद्यमी-व्यवसायीको ध्यानाकृष्ट भइरहेको र चहलपहल पनि बढिरहेको तथ्य नारायणी किनारको उपयोग सम्बन्धी बनाइएका नीति र गतिविधिहरूले बताउँछन् ।

त्यसो त बढ्दो सहरीकरणसँगै त्यहाँ बसोबास गर्ने मानिसहरूबाट उत्पादित फोहोरको व्यवस्थापन जहाँसुकै चुनौतीको विषय भइरहेकामा दुईमत छैन । गाउँहरू क्रमशः खाली हुने र सहरहरू भरिँदै जाने वा गाउँहरूले अर्धसहरीकरण र नगरोन्मुख हुँदै रूप फेर्ने क्रम बढिरहँदा हरेकजसो स्थानीय तहका लागि त्यहाँ उत्पादित फोहोरको उचित व्यवस्थापन एउटा जटिल मुद्दा बन्ने गरेकामा पनि द्विविधा छैन ।

ससाना विकास आयोजनालाई समेत विदेशीको मुख र मुड हेर्नुपर्ने नियति बेहोरिरहेका आम नेपालीजनलाई आफैंले घर, होटल र उद्योग क्षेत्रबाट निकालेका फोहोरको उचित व्यवस्थापन, व्यवस्थित प्रशोधन र पुनर्नवीकरण गर्न विदेशी सहयोग र सदाशय नै कुर्नुपर्ने लाचार स्थिति पनि कसैबाट लुकेको छैन ।

यस्तो परिस्थितिमा भरतपुर महानगर मात्रै यसबाट अछुतो रहनुपर्छ भन्ने जिकिर गरिएको होइन तर अघिल्लो कार्यकालमै विश्व बैंकको दस करोड रुपैयाँ सहयोगमा पच्चीस करोड रुपैयाँ लागतको व्यवस्थित ल्यान्डफिल साइट निर्माण गर्ने भनी दाबी गरिएको परियोजनात्मक लक्ष्य अलपत्र पारेर भरतपुर महानगर फोहोर व्यवस्थापनमा लगातार चुकिरहेको तथ्य भने यहाँनेर स्मरण गर्नैपर्ने हुन्छ । जनसंख्याका दृष्टिले देशको तेस्रो ठूलो स्थानीय तह भए पनि भरतपुर अहिलेसम्म स्थानीय चिनारीका लागि राज्यपक्षले निर्माण गर्ने पूर्वाधार र सुविधाको जग बसाउन नसकेको ठाउँ नै हो । विगतमा कृषि र कृषिजन्य उत्पादनका लागि ख्याति कमाएको पश्चिम चितवनसमेत समेटिएको भरतपुर अहिले घडेरी व्यवसायको उर्वर थलो बनेको छ । यहाँको जमिन टुक्रिएर सकिँदै छ । जनसंख्याको चाप लगातार बढ्दै छ । कृषिजन्य उत्पादनका आधारहरू क्रमशः निख्रने क्रममा छन् । तर यो चिन्ताभन्दा पर 'दक्षिण एसियाकै उत्कृष्ट मोडलको सहरी विकास गर्ने' भन्दै भोट माग्दा

**बाँकी तेश्रो पृष्ठमा**

# जनमतको दीर्घ–सन्देश

**श्यामप्रसाद मैनाली**

अस्थिरतालाई नेपाली राजनीतिको चरित्रका रूपमै ग्रहण गर्नुपर्छ।

निर्वाचनको नतिजा आइसकेको छ। नतिजा नयाँ बोतलमा पुरानै रक्सी हो। पुराना फेर्ने अभियान प्रायः असफल भएको छ। जनतामा जित्ने नेताहरूबाट कुनै परिवर्तन नहुने विश्वास छ। राजनीतिक स्थिरता पनि हुने सम्भावना देखिँदैन। किनकि कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेन। मिलिजुली सरकार नेपालको सन्दर्भमा सानातिना स्वार्थका कारण टिक्न नसक्ने र सामान्य स्वार्थपूर्तिका लागि क्षणिक तुष्टि प्राप्त गर्न सरकारलाई दिएको समर्थन फिर्ता गर्न अभ्यस्त छ। यो संस्कार पनि परिवर्तन हुने सम्भावना देखिँदैन।

दोस्रो हो, सरकार बनाउन सिद्धान्त मिल्दा दलबीच गठबन्धन हुँदा मात्र केही स्थायित्वको आशा गर्न सकिने हो। ठूलो दलका रूपमा नेपाली कांग्रेस छ। सिद्धान्ततः लोकतान्त्रिक आवरण र आस्थामा लामो समयदेखि राजनीति गरिआएको यस दलले साम्यवादी आवरणमा रहेको कम्युनिस्ट दलसँग मिलेर सरकार चलाउनु पर्ने बाध्यता छ ।

कमल थापादेखि राजावादी लिङ्देनसँग गठबन्धन गरेको एमालेसँगको प्रतिस्पर्धामा विभिन्न गतिविधि गरे पनि गठबन्धन गरेको छ, कांग्रेसले। राजनीतिक अस्थिरतालाई नेपाली राजनीतिको चरित्रका रूपमै ग्रहण गर्नुपर्छ।

लोकतान्त्रिक दलसँग कम्युनिस्टहरूको तालमेल वा गठबन्धन अत्यन्त नाजुक हुन्छ, यो अप्राकृतिक हो। त्यसैले हरेक दिन सरकारको निरन्तरताका लागि अब बन्ने सरकार प्रमुख गम्भीर बन्नुपर्छ। राष्ट्रिय मुद्दाहरूलाई व्यक्तिगत र समूहगत मुद्दाले छायाँमा पार्ने निश्चित छ।

लोकतन्त्रमा राजनीतिक दलका सिद्धान्त र आस्थाका आधारमा निर्वाचन घोषणापत्र तयार हुन्छ। त्यही घोषणापत्रका आधारमा जनताले मत दिन्छन्। विश्व राजनीति प्रायः साम्यवाद र लोकतन्त्र गरी दुई धारमा विभाजित छ। अहिलेको निर्वाचनमा अतिवादी कम्युनिस्टको रूपमा रहेको माओवादी केन्द्र र लोकतान्त्रिक लडाइँमा लामो समय कुर्बानी गरेको कांग्रेस एक्कै रूपमा उभिएका छन्। मतदाता बहुदलीय आधारमा आस्था रहेको राजनीतिक दलमा र उसले अघि सारेका उम्मेदवारलाई मतदान गर्छन्।

गठबन्धनका कारण यी दुईविपरीत धारका नेताले दुवैका लागि मतदान गर्न आग्रह गरिरहेको पाइन्छ। यो दृश्यले नेपालको लोकतन्त्रको अवस्थालाई उजागर गरेको छ। आजीवन राजावादीहरूले कम्युनिस्टलाई र एमाले साम्यवादी दलले राजावादीहरूलाई मत मागी राखेको दृश्य कम रोचक थिएन। यसबाट लोकतन्त्रलाई बन्धक बनाएर राजनीतिक दलका शीर्षनेताले मात्र फाइदा लिने चरम अवसरवादलाई प्रवर्द्धन गरेको छ। लोकतान्त्रिक र यसैमा आधारित निर्वाचन प्रक्रियालाई निस्तेज बनाउने गरी निर्वाचन सम्पन्न भएको छ।

राजनीतिक दलहरू विदेशी प्रभावमा परी परिचालित हुँदै आएको आधारसहितको दाबी र आलोचना राजनीतिक वृत्तमा भइरहेको छ। इस्ट इन्डिया कम्पनीलाई सिपाही विद्रोहमा सघाउन राणाहरूले नेपाली सेना पठाई सम्बन्ध विस्तार गरेर भारत स्वतन्त्र नहुँदासम्म निरंकुश शासन ब्रिटिसको सहयोगमा सञ्चालन गरे।

सुगौलीको सन्धिमार्फत ठूलो क्षेत्र गुमाए। राजा त्रिभुवनले भारतीय शरणमा रहेर आफ्नो अधिकार राणाहरूबाट फिर्ता गराए। २०१५, २०१७, २०४६ र बाह्रबुँदे समझदारी हुँदै २०६३ को आन्दोलनसम्म आइपुग्दा भारतको सहयोग र सद्भाव रहेको थियो। एमाले र माओवादी केन्द्रबीच चुनावी तालमेल र दलीय एकता उत्तरी छिमेकी देशले गराएको स्पष्ट छ। विभिन्न दलका सरकार हुँदा कहिले उत्तर त कहिले दक्षिणतर्फ झुकाव देखाउने प्रवृत्ति पनि देश र लोकतन्त्रका लागि खतरा देखिँदैछ। युक्रेन युद्धमा संयुक्त राष्ट्रसंघको प्रस्तावमा नेपालले समर्थन गरी अमेरिकी पक्षको समर्थन गरेको थियो। यो प्रस्तावमा दुई छिमेकी तटस्थ रहे। यसबाट हाम्रो कूटनीति अपरिपक्व देखिएको आलोचना भइराखेको छ।

नेपाल भौतिक, रणनीतिक र आर्थिक महत्त्वको देशका रूपमा विश्वका शक्ति सम्पन्न राष्ट्रले दृष्टि दिएका छन्। त्यसैले लोकतान्त्रिक सिद्धान्त आस्थाको संरक्षण गर्दै लोकतन्त्रको संस्थागत सबलीकरण राजनीतिलाई केन्द्रित गर्नु पर्थ्यो। चीनको बीआरआई र भारत अमेरिकी गठबन्धनका इन्डो प्यासिफिक स्ट्राटेजीबीचको अस्वस्थ प्रतिस्पर्धा छ। यसबीच नेपाल तटस्थ रही दुवैबाट फाइदा लिन सक्ने गरी प्रस्तुत हुन सक्नु पर्थ्यो।

परस्पर नमिल्दा सिद्धान्त बोकेकालाई साथमा लिई सरकार सञ्चालन गर्दा अब अत्यन्त बढी प्राविधिक कठिनाइको सामना गर्नुपर्ने अवस्था छ। तहसनहस हुँदै गएको लोकतन्त्रले यसका भिजनरी नेताहरूको विकास गर्न सक्दैन। यस अर्थमा पनि नेपालको लोकतन्त्र अत्यन्त नाजुक बनाउने काम ठूला दलले गर्दै आएका छन्।

संवैधानिक प्रावधानलाई समेत यो निर्वाचनमा गम्भीरतापूर्वक ग्रहण गरेको अनुभूति हुन सकेन। सबै जात, जाति, लिंग, क्षेत्र, सीमान्तकृत समूह सबैको उचित प्रतिनिधित्व निर्वाचित निकायहरूमा गराउनु पर्ने व्यवस्था छ। तर, यस निर्वाचनमा प्रतिनिधिसभामा पहिलो मत ल्याउने निर्वाचित हुनेतर्फ यस समूहको जम्मा ९.३३ उम्मेदवारले टिकट पाई प्रतिस्पर्धा गरेका थिए। त्यसमध्ये केहीले विजय प्राप्त गरे।

**बाँकी अन्तिम पृष्ठमा**

## गरिबीका......

प्रभावित गर्छ । अभिजातले गाउँसहरका अधिकांश जमिन आफ्नो नियन्त्रणमा राखेका छन् । अभिजातमुखी लोकतन्त्रले जमिन मात्र होइन, अन्य स्रोतसमेत आफ्नो नियन्त्रणमा राखेको छ । त्यो चाहे ज्ञान होस्, विदेशी सहायता होस् वा श्रम व्यवस्था । यसै पनि श्रम व्यवस्था वर्ण व्यवस्थाबाट मुक्त छैन । सामाजिक थिचोमिचोमा पेलिएका गाउँका गरिबहरू जबसम्म देशभित्रका वा बाहिरका सहरहरूमा बसाइँ सर्दैनन्, गरिब श्रमिकसँग आफ्नो थातथलोमा जीविकाका लागि खासै राम्रो विकल्प हुँदैन । सहरमा प्रवेश गर्नासाथ अभिजातमुखी लोकतन्त्रले गरिबजनलाई न बासको मेलो दिन्छ न त कामकै । सहरमा राम्रो काम पाउनसमेत गाउँका गरिबलाई गाउँकै संरक्षण चाहिन्छ ।

तर लोकतन्त्रबारे हाम्रो सार्वजनिक विमर्श जति चुनावी हारजित, दलको जुटफुट र शासकीय लेनदेन आदि चर्चामा अल्झिन्छ, त्यसको एकछेउ पनि ग्रामीण भेगको सामाजिक शक्ति-सम्बन्धबारे सोच्दैन । यस्तो चर्चाबेगर, प्रस्ट छ, सहरकेन्द्रित उत्पादन सम्बन्ध एवं सहरको व्यवस्थित बसाइबारे बुझिँदैन, न त सहरको अव्यवस्थित बसोबास र जीविकाका अनेकौं आयामबारे ज्ञान हुन्छ । सँगै, लोकतान्त्रिक व्यवस्था र सो व्यवस्थामा गरिबको महत्त्वपूर्ण भूमिकाबारे अपूर्ण बुझाइ हुन्छ । अपवादबाहेक सुकुम्बासी र भूमिहीन गरिबको सवालमा अहिले यही भइरहेको छ । त्यसैले नेपालमा लोकतन्त्रले सुकुम्बासीसहित अन्य गरिबलाई दिनुपर्ने संस्थागत अवसरहरूबारे सार्वजनिक टिप्पणी अपुरो मात्र होइन, वर्गीय द्वेषले ग्रस्तसमेत छ ।

पृथ्वीलाई संकटग्रस्त बनाउने कार्यलाई लोकतन्त्र ठानिएको युगमा गरिबीका विपक्षमा यस्तो व्यवस्थालाई ढाल्न सोचेजस्तो सजिलो छैन । अझ जब राजनीतिक निराशाले ग्रस्त प्रतिनिधिहरू जब निर्वाचित हुन्छन् र नवशासकमा परिणत हुन्छन्, गरिबीविरुद्धको लडाइँ थप निराशामा परिणत हुन्छ । नेपालमा अहिले यही भइरहेको छ- मानवीय आशाको पराजय र निराशाको जित ।

मानवीय सभ्यतामा धेरै किसिमले काल क्षणिक भएजस्तै यस्तो निराशाको समय पनि क्षणिक हो । आशा पुनः मडारिएर आउनेछ । नयाँ वास्तविकताले फेरि शिर उठाउनेछ । त्यस्तो नयाँ वास्तविकता जहाँ सर्वसाधारणका पक्षमा लोकतन्त्र ढल्नेछ । यदि लोकतन्त्र अति नै घातक हुन थाले अर्को कुनै नामधारी व्यवस्था आउनेछ । राजनीतिक निराशाको जगमा उम्लिएका हालका शासकहरूले थप निराशा जगाइरहे पनि समानता र समताबेगर मानवीय आशाको यात्राले कदापि विश्राम लिनेछैन । मानवीय इतिहासमा गरिबजनले जगाएको आशा यत्ति कमोजर छैन कि त्यसले क्षणिकको विस्थापनमै प्राण त्याग गरोस् ।साभार : कान्तिपुर

## नारायणी....

दोस्रो कार्यकालका लागि पनि नगरवासीले रेणु दाहाललाई नै अनुमोदन गर्नुको अर्थ सडक, शिक्षा, स्वास्थ्य, पर्यटन लगायत फोहोर व्यवस्थापनसमेतका पूर्वाधारहरू स्थापित गर्न उनले घोषणा गरेका र लक्ष्य लिएका योजना र कामहरूको परिणामकै लागि थियो ।

अहिले नै उनीमाथि धेरै नकारात्मक भैहाल्नु आवश्यक थिएन, काला बादलमा चाँदीको घेरा देख्ने पर्खाइ अझै कायम छ, तर महानगरले लगातार अघिल्लो र यो कार्यकालको यतिन्जेलको समय फोहोर व्यवस्थापनमा दीर्घकालीन परियोजनाको विषयलाई आश्वासन र पर्खाइमै भुलाएको मात्र नभई आफैंले बनाएका संरक्षणमुखी, पर्यावरणमैत्री ऐन र कार्यविधिको मर्म मर्ने गरी वर्षौंदेखि नारायणीका दुई भँगालाबीचको नगरवनमा फोहोर विसर्जन गर्दै आइरहेको तथ्य भने बिर्सन सकिँदैन ।

महानगरबाट निस्कने फोहोरको डम्पिङ र फोहोर वर्गीकरण गरेपछि प्रतिदिन चार हजार केजी मल र अठतीस सिलिन्डर ग्यास उत्पादन गर्ने गरी निर्माण हुने भनिएको प्रोजेक्ट बेवारिस हुँदा नारायणी नदीका बीचमा टापुजसरी रहेको नगरवन झन्डै डेढ लाख टन कुहिने/नकुहिने मानव मलमूत्रसमेत मिश्रित फोहोरको थुप्रोका कारण नजिकैको बस्ती मात्र होइन, वनजन्य र नदीजन्य जीवहरूका लागि खतराक्षेत्र बन्दै गइरहेको तथ्य पनि छँदै छ । यो तथ्यतर्फ धेरै कम मानिसहरूको मात्र आँखा पुगेको छ । भरतपुरका सडक र अन्य 'देखिने विकास' का अगाडि पर्यावरणमाथिको यो विनाशकारी गतिविधिबारे सरोकार राख्ने, प्रश्न सोध्ने र जवाफ खोज्ने मानिसहरूको वृत्त सानो भएकाले पनि यसमा सरकारी तहको लाजमर्दो उपेक्षा सम्भव भएको छ ।

सडक सञ्जाल लगायतका भौतिक निर्माण मात्रै 'विकास' हुन् भन्ने भाष्यले मतदाता र मत माग्ने दल, तिनका नेता-कार्यकर्ता सबैको ध्यान त्यतै खिचेको स्थितिमा दीर्घकालीन पर्यावरणीय प्रभावका विषय किनारामा धकेलिनु नयाँ कुरो होइन, तर यसरी प्रकृति, पर्यावरण र मानवीय संरक्षणलाई उपेक्षा गरेर सतहमा देखिने 'विकास' खतरनाक मोडतर्फ बढ्न लागेको पनि महसुस नगर्नुचाहिँ विडम्बना नै हो ।

यसमा राज्यको मात्रै होइन, जनसाधारणको विवेकसमेत पुगेको देखिन्न । तर अहिले आएर चितवन महोत्सव आयोजना गर्ने भन्दै नदीछेउमा रहेको प्रदर्शनीस्थलका खाल्डा पुर्नसमेत महानगरबाट निस्केको फोहोर प्रयोग गरिनु भरतपुर महानगरपालिका र सहरी विकास मन्त्रालयसहित राज्यका जिम्मेवार संस्थाहरूको हदैसम्मको विवेकहीनता र अदूरदर्शिता हो भन्न धेरै सोच्नै पर्दैन ।

माटो वा ग्राभेलले खाल्डा पुर्दा महँगो पर्ने भएकाले सुरुमा फोहोर 'फिलिङ गर्ने' र त्यसमाथि मात्रै माटाले सम्याउने गरी स्थानीय सरकार र सहरी विकास मन्त्रालयको संरक्षकत्वमा उद्योग वाणिज्य संघमार्फत गरिएको यो हर्कतबारे जानकारी हुनासाथ चितवनको एक तप्काका नागरिक पंक्ति र वातावरणकर्मीले आलोचना गरेकै हुन् ।

उक्त फोहोरलाई माटोले पुरिनसक्दै फोहोर निकालेर पुनः ढुंगामाटाले नै पुर्न सुझाव पनि दिएकै हुन् ।

तर ती आलोचना र सुझावलाई अटेर गर्दै आलोचकहरूलाई 'नाटक नगरेको बेस' भन्ने अशोभनीय जवाफ दिएरै पेल्नका लागि सामाजिक सञ्जालमा स्वयं नगरप्रमुखको नाम प्रकट हुनु अत्यन्तै दुःखद कुरा हो ।

यसै पनि भरतपुर महानगरपालिकाले फोहोर फाल्न हाल उपयोग गरिरहेको नगरवन क्षेत्र नै 'नदी प्रणाली, ताल, सिमसार क्षेत्र, वन्यजन्तुको बासस्थल, धार्मिकस्थल, सम्पदा क्षेत्र लगायतका संवेदनशील स्थलमा फोहोर विसर्जन गर्न नहुने' आधारभूत मान्यताविपरीत छ ।

यसमा आवाज उठ्दा वैकल्पिक स्थानको खोजी भइसकेको र कोरियाली सरकारको सहयोगमा छिट्टै आधुनिक ल्यान्डफिल साइट बन्ने आस्वासन दिएर महानगरले फोहोरको विषयलाई टालटुल पारिरहेको आरोप लगाउँदै संरक्षणकर्मीहरूले सार्वजनिक विरोधको आह्वानसहित विज्ञप्ति नै जारी गरेका छन् । नदीको इकोसिस्टमलाई गम्भीर क्षति गर्ने, जलीय प्रजातिलाई विषाक्त र नष्ट गर्ने, पानीमा हानिकारक विषादी मिसिएर त्यसको असर सतहको पानीमै समेत देखिने भएकाले हाल प्रदर्शनी मैदानका खाल्डा पुर्न उपयोग गरिएको फोहोर वातावरण र उपभोक्ता हितविपरीतको डरलाग्दो कदम हो भन्दै उनीहरूले तुरुन्तै त्यहाँको फोहोर निकालेर सुरक्षित विधिमार्फत सुरक्षित स्थानमै व्यवस्थापन गर्न आग्रह गरेका छन् । तर यस्तो आग्रहपछि पनि आफ्नो त्रुटिमा लज्जाबोध गर्दै यो विवेकहीनताको समीक्षा गरेर जनसरोकारलाई सम्बोधन गर्ने मुडमा न महानगर देखिन्छ न त उद्योग वाणिज्य संघ ।

यति बेला सार्वजनिक वृत्तका छलफलहरूमा भने नदीकिनाराका खाल्डा पुर्न चाहिने माटो नपाइएको भन्दै माटोको विकल्पमा फोहोरले खाल्डा पुर्ने काममा मुख मिलेका महानगर र उद्योग वाणिज्य संघको अटेरी र जनमतको अनादरलाई अर्थपूर्ण रूपमा विश्लेषण गरिएको छ ।

आमजनको सबैभन्दा नजिकमा रहेको स्थानीय सरकार सञ्चालन गर्ने वर्ग जनताले चुनेर पठाएका आफ्ना घरदैलामा ठोक्किइरहने प्रतिनिधिहरूको हो र उनीहरूले गर्ने सानाठूला सबै क्रियाकलापको 'वाचडग' र रचनात्मक प्रतिपक्षीका रूपमा सानै संख्यामा किन नहोस्, जागरुक नागरिकको तप्का सरकारबाहिर सतर्क अवस्थामै हुन्छ भन्ने हेक्का जनप्रतिनिधिलाई हुनैपर्छ ।

गर्भबाटै राज्याधिकार पाएर जन्मेको राजासमेत विवेकप्रेरित लोकमतको सम्मान गर्न नजान्दा आफ्ना पितापुर्खाले 'आर्जे'याको सिंहासन' बाट च्युत भएको भर्खरैको इतिहास देखेका शासकहरू आफ्नो तजबिजी अधिकारको दुरुपयोग गर्दै आम नागरिकका स्वस्थ आलोचना र विरोधलाई 'नाटक नगर्न' चेतावनी दिन अलिकति पनि नहिचकिचाउनुलाई सहभागितामूलक लोकतन्त्रको मजाक उडाएको अर्थमै बुझिन्छ । यो आत्मकेन्द्री र निरंकुश शासनको बेरोकटोक अभ्यास गर्न पाउनुपर्छ भन्ने जिरह पनि हो ।

यस्तो जिरहलाई कुनै पनि तर्कबाट सही ठहर गर्न सकिन्न । आमजनको स्वास्थ्य, नदीको पारिस्थितिकीय प्रणाली र जैविक विविधताजस्तो गम्भीर प्रश्नमा हेलचेक्र्याइँ गर्दै आफूबाट भएको गल्ती स्वीकार गर्ने र त्यसलाई एक दिन पनि ढिलो नगरी सच्याउने विनम्रताबाहेक यो मुद्दाको अर्को निकास छैन भन्ने कुरा सम्बन्धित पक्षले राम्रोसँग बुझून् ।

होइन भने सार्वजनिक महत्त्वका विषयमा प्रश्न उठाउने र समाधान खोज्ने नागरिक अधिकारका न्यायिक मार्ग अरू पनि छन् । 'घरदैलोको सरकार' का रूपमा रहेको स्थानीय तहका प्रतिनिधिले आफैंले बनाएका कानुन र कार्यविधिको समेत बलमिच्याइँ गरेर नागरिकका आवाजलाई बेवास्ता गर्दै पेलेर अघि बढ्नु आफूबाहेक अरूको अस्तित्व र अभिमतलाई भुसुनाबराबर ठान्दै अस्वीकार र खारेज गर्न खोज्नु हो ।

भरतपुर महानगरले दिएको अनुमति र तत्परतामा उद्योग वाणिज्य संघमार्फत नारायणी नदीकिनारामा अहिले भएको यो सार्वजनिक अन्यायलाई तुरुन्तै सच्याइयोस् ।

अन्यथा यहाँ फालिएको एक सय पचास टनको फोहोरको मूल्यमा भोलि प्रकट हुने राष्ट्रिय-अन्तर्राष्ट्रिय चासो, बहस र सार्वजनिक जवाफदेहीको कठोर सवाल सम्बन्धित सबैका लागि 'महँगा' पर्नेछन् ।सभार इकान्तिपुर

## कोभिड ........

बताएका थिए । साथै बैठकमा सबैले आ आफ्नो धारणा र सुझाव दिएका थिए एवं सबैले कार्यक्रम सफल पार्न सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । पर्सा जिल्लाको पकाहा मैनपुर र बिन्दवासिनी गाउँपालिकामा यहि डिसेम्बर १५ देखि ३० तारिखसम्म खोप अभियान संचालन गरिने छ ।

बैठक संचालन नेरेसो पर्सा शाखाका निड्ड प्रमुख विर शमसेर प्रसाद कुर्मीले गरेका थिए भने कार्यक्रम सम्बन्धि प्रस्तुति कार्यक्रमका फोकल पर्सन अजय कुमार यादवले गरेका थिए ।

## मेयर सिंहको....

छरिएका तार हटाउन सुरु गर्ने बैठकले सर्वसम्मत निर्णय गरेको महानगरको आइटी शाखाका बृजेश प्रधानले जानकारी दिए । महानगर प्रमुख सिंहको उपस्थितिमा भएको बैठकमा स्याटेलाइट केवलका सुन्दर कुर्मी, भायोनेटका अब्दुल कलाम आजाद, वर्ल्डलिंकका दिपेश बान्तवा, सिम टिभीका जगमोहन कुमार कुशवाहा, राधेमाई केवलका सम्सुल हवारी, जनप्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

## प्रहरी......

स्थानीय र प्रहरी बीच झडप भएको छ। रौतहटको यमुनामाई गाउँपालिका ४ मा रहेको श्री जन्ता माध्यमिक विधालयका शिक्षक विजय सिंहले कक्षा ५ की छात्रालाई दुर्व्यवहार गरेको खबर बाहिरिए सँगै दर्जनौं स्थानीय अभिभावकहरु शिक्षक सिंह माथि आक्रमणको प्रयास गरेका थिए ।

अभिभावकको आक्रमण बाट बचाउन गएका प्रहरी टोलि र स्थानीय बीच झडप भएको थियो । स्थानीय अभिभावक ले गरेको ढुङ्गामुढा प्रहार बाट आधादर्जन प्रहरी लाई चोटपटक लागेको छ ।

जिल्ला प्रहरी रौतहटका प्रवक्ता डिएसपी उमाशंकर यादवले घटनाको पुष्टि गर्दै दुईजना प्रहरी लाई बढी र अन्यलाई सामान्य चोटपटक लागेको तथा उनिहरुको जिल्ला अस्पताल गौरमा उपचार भैरहेको बताए । झडपको क्रममा आरोपी शिक्षकलाई सुरक्षाका साथ उद्धार गरि ल्याईएको तथा अभिभावकले कस्तो गुनासो गर्छ,उजुरी दिन्छ त्यसपछि घटना बाहिरिने प्रवक्ता यादवले जानकारी दिएका छन ।

आरोपी शिक्षक सिंह लाई नियन्त्रणमा लिएपछि झडप साम्य भएको तथा घटना बारे थपअनुसंधान भैरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

## प्रतिनिधिसभा.......

समानुपातिकतर्फ ५ सीटको भाग पाउनेछ । यसअनुसार दुवै सदनमा जसपाबाट १५ जनाको सहभागिता हुँदैछ । १५ जनामा ३३ प्रतिशत महिला पुऱ्याउन उसले ४ जना महिला अनिवार्य रुपमा समानुपातिक कोटाबाट पूर्ति गर्नुपर्छ । जसपाबाट एकजना महिलाको राष्ट्रिय सभामा प्रतिनिधित्व छ । जनमतबाट २ जना महिला आउने

पहिलोपटक आम निर्वाचनमा भाग लिएको जनमत पार्टीको पनि राष्ट्रियसभामा प्रतिनिधित्व छैन । उसले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १ सीट जितेको छ ।

समानुपातिकतर्फ थ्रेसहोल्ड कटाएर राष्ट्रिय पार्टीको मान्यता पाएको जनमतले ५ सीट पाउनेछ । यसअनुसार संघीय संसदमा जनमत पार्टीबाट ६ जनाको उपस्थिति रहनेछ ।

६ जनाको ३३ प्रतिशत २ हो । यसअनुसार समानुपातिकबाट जनमतले २ जना महिलालाई संसदमा पठाउनुपर्नेछ । बाँकी ३ सीटमा मात्रै जनमतले पुरुष पठाउन पाउनेछ ।

# दिमागमा चिप राख्ने मस्कको योजना सफल होला ?



एजेन्सी

काठमाडौं – ट्विटरका नयाँ मालिक इलन मस्क पछिल्लो समय नयाँ विषयका कारण चर्चामा आएका छन् । दिमागमा जडान गर्न मिल्ने चिप बनाउने आफ्नो कम्पनी न्युरालिंकले अबको ६ महिनामा मानिसमा परीक्षण सुरु गर्ने बताएपछि यसका फाइदा र जोखिमबारे अनेक विश्लेषण भइरहेका छन् ।

तस्वीर स्रोतः इम्पाक्टर

सन् २०१६ मा केही इन्जिनियरहरूको समूहसँग मिलेर आफ्नो १० करोड डलर समेतको लगानीमा मस्कले स्थापना गरेको न्युरालिंक कम्पनीले मानिसको दिमागमै प्रत्यारोपण गर्न मिल्ने चिप बनाउने प्रयत्न गरिरहेको छ । उक्त चिपले विशेषतः अपाङ्गता भएका व्यक्तिलाई हिँड्न/चल्न र कुराकानी गर्न वा देख्न सहयोग गर्ने कम्पनीको दाबी छ । न्युरालिंकले यो डिभाइसको विकास क्रममा माउस, किबोर्डजस्ता टेक्स्ट पठाउन प्रयोग गरिने कम्प्युटरका विभिन्न पाटो पनि मान्छेले आफ्नो विचारमार्फत नियन्त्रण गर्न सक्ने जनाएको छ ।

कम्पनीले सिलाइ मेसिनजस्तो देखिने प्रत्यारोपण रोबोट ३ वर्षअघि नै सार्वजनिक गरेको थियो भने दुई वर्षअघि देखि सुँगुर, बाँदर लगायत जनावरको टाउकोमा प्रयोगस्वरूप चिप प्रत्यारोपण थालेको थियो । त्यस क्रममा २३ मध्ये १५ जनावरको मृत्यु भएकोबारे केही रिपोर्ट प्रकाशित भएका छन् । निरन्तर विवादका बीच गएको साता आयोजित एक कार्यक्रममा कम्पनीका प्रमुख मस्कले सो चिपको मानव प्रयोग ६ महिनाभित्र सुरू गर्ने दाबी गरे। 'मलाई लाग्छ संभवत ६ महिनाभित्र न्युरालिंकलाई कुनै मानव शरीरमा जडान भएको हामी देख्न पाउने छौं,' मस्कले भने ।

यसअघि २०२१ मा मस्कले पहिलो चरणमा पक्षघातका बिरामीले आफ्नो विचारको प्रयोगमार्फत औंलाले स्मार्टफोन चलाएभन्दा छिटो स्मार्टफोन चलाउन सक्ने बनाइने दाबी गरेका थिए । गएको जुलाईमा सिन्क्रोन नामक कम्पनीले अमेरिकामै यस्तो किसिमको डिभाइसको परीक्षण सुरू गरेपछि मस्क र न्युरालिंक हतारिएको विज्ञहरूको ठहर छ । सिन्क्रोनले डेढ इन्च लामो ब्रेन इन्टरफेस डिभाइसलाई मानव दिमागमा प्रत्यारोपण गरिएको र यो सफल रहेको रिपोर्ट सार्वजनिक भएपछि मस्कको टिमले पछिल्लो अपडेट सार्वजनिक गरेको हो । सन् २०२० बाटै सो परीक्षण सुरू गर्ने अनुमान गरेका मस्कको टिमको सुरूवात कम्तीमा ३ वर्ष पर धकेलिइसक्ने छ ।

टेस्ला, स्पेस एक्सजस्ता विभिन्न कम्पनीमार्फत नवीनतम प्रविधिमा विज्ञताको रूपमा ख्याति कमाएका मस्कको यो घोषणा सफल भएमा प्रविधि क्षेत्रमा एक फड्को हुने आँकलन गरिएको थियो । साइबर शक्तिले भरिपूर्ण सुपर ह्युमनको वकालत गर्ने मस्कले रोग र अपाङ्गतालाई मेसिन र प्रविधिको प्रयोगबाट नयाँ तवरले अगाडि बढाउने भिजन बारम्बार दिँदै आएका छन् । मिडियामा चर्चाको लागि सदैव तयार रहने मस्कको न्युरालिंक महत्त्वाकांक्षा अपाङ्गता भएका व्यक्तिहरूलाई सघाउने मात्रैमा भने सीमित नहुन सक्छ ।

टोरन्टो विश्वविद्यालयका न्युरोसाइन्स शोधकर्ता ग्रेम मोफटका अनुसार न्युरालिंकको यो प्रविधि आकार, संभावना र क्षमता लगायत सबै हिसाबले बजारमा उपलब्ध प्रतिस्पर्धा र तुलनाभन्दा माथिको छ । क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजीका साइकोलोजी, न्युरोसाइन्स तथा बायोलोजीका प्राध्यापक राल्फ एडोल्फ पनि न्युरालिंकको घोषणा अत्यन्तै उत्साहजनक र गतिलो प्राविधिक उपलब्धि रहेको बताउँछन् । अप्रिल २०१३ मा पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामाले पनि झण्डै १ अर्ब डलर लगानीको 'ब्रेन इनिसिएटिभ' नामक यस्तै प्रकृतिको घोषणा गरेका थिए ।

मस्कको पछिल्लो घोषणाबाट उत्साहित प्रविधि विज्ञहरूले अहिले यो प्रविधिको सफलता/असफलताबारेको ठोस अनुमान असम्भव भए पनि न्युरालिंकको प्रगति उत्साहजनक देखिएको र असफल हुने संभावना कम रहेको बताएका छन् ।


## सरकारले......

अर्थ मन्त्रालयले बजेट विनियोजन नगर्दा धान खरिद प्रक्रिया अघि बढ्न नसकेको कुरा आएको भन्दै बजेट निकासा गरी तत्काल किसानसँग धान खरिद गर्नुपर्ने बताए । उनले करिब १० लाख मेट्रिकटन धान खरिद गर्ने तागत सरकारले राख्नुपर्ने बताए ।

उनले धान राख्ने गोदाम नहुनु र बजेटको अभावका कारण धान खरिद गर्न नसकेको भन्दै सधैं बजेट अभाव भयो भनेर सरकार पन्छिन नमिल्ने बताए । महासंघहरूले आगामी दिनमा किसानका माग पूरा नभए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने पनि जनाएका छन् ।

आम किसानलाई संघर्षमा उत्रिनका लागि आह्वान गर्दै देशव्यापी किसान महासंघका संगठन परिचालन गर्ने, प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउने, उद्योगमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउने, खाद्य व्यवस्था तथा व्यापार कम्पनीका मुलुकभरका शाखा कार्यालय तथा डिपोहरुमा मंसिर २५ गते धर्ना दिने र तालाबन्दी गर्ने, देशभर विभिन्न जिल्ला र स्थानीयस्तरमा किसान प्रदर्शन, ऱ्याली तथा सभाहरु आयोजना गर्ने, निर्धारित आन्दोलनको अवधिभित्र धान खरिद गर्ने प्रक्रिया शुरु नगरे दोस्रो चरणका संघर्षका कार्यक्रमहरु सञ्चालन गर्ने महासंघहरुको चेतावनी छ । साभार : मधेशखबर

# प्रतिनिधिसभामा समानुपातिकबाट ८४ जना महिला आउने




मंसिर २१ काठमाडौं । मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिकतर्फको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ । यससँगै संघीय संसदमा ३३ प्रतिशत महिला अनिवार्य पुऱ्याउनुपर्ने कानूनी व्यवस्था कार्यान्वयनमा अघि बढेको छ । संघीय संसदमा राष्ट्रियसभा पनि पर्छ । त्यसैले राष्ट्रियसभा र प्रतिनिधिसभामा महिला के कति छन् भन्ने विषयमा सबैको चासो बढेको छ ।

संघीय संसद सचिवालयका अनुसार ५९ सदस्यीय राष्ट्रियसभामा १८ जना महिला छन् । प्रतिनिधिसभामा प्रत्यक्षतर्फबाट ९ जनामात्रै महिला निर्वाचित भएका छन् । यसअनुसार अब संघीय संसदमा महिलाको संख्या २७ पुग्नेछ । यो भनेको ८ प्रतिशतमात्रै महिलाको संख्या हो । संघीय संसदमा ३३ प्रतिशत ८४ जना महिला पुऱ्याउन करिब २५ प्रतिशत महिलाको अभाव देखिएको छ ।

राष्ट्रियसभामा ५९ र प्रतिनिधिसभामा २७५ गरी संघीय संसद ३३४ सदस्यीय हो । यो संख्याको ३३ प्रतिशत महिला भनेको १११ जना हो । अहिले राष्ट्रियसभामा १८ जना र प्रतिनिधिसभाका ९ जना गरी २७ जना (८ प्रतिशत) मात्रै महिला छन् । यस आधारमा संघीय संसदमा नपुग ८४ जना महिला प्रतिनिधिसभाको समानुपातिकतर्फ आउनुपर्छ । समानुपातिकतर्फको थ्रेसहोल्ड कटाएर राष्ट्रिय पार्टी बनेका सात पार्टीले यो संख्या पूर्ति गर्नुपर्नेछ ।

कुन दलले कति जना पठाउनुपर्छ महिला ?

कांग्रेसबाट २८ महिला आउनेछन्

नेपाली कांग्रेसले ३३ प्रतिशत महिला पुऱ्याउन अब समानुपातिकबाट २८ जना पठाउनुपर्नेछ । यसअनुसार कांग्रेसको भागमा परेको ३२ सीटबाट बाँकी ४ जनामा मात्रै पुरुषले मौका पाउनेछन् । कांग्रेसबाट संघीय संसदअन्तर्गत राष्ट्रियसभामा ११ जना छन् । प्रतिनिधिसभामा प्रत्यक्षतर्फबाट ५७ जितेको छ । अब समानुपातिकबाट ३२ थपेर सांसद संख्या ८९ जना पुग्नेछन् । दुवै सदनमा कांग्रेसबाट १०० जनाको प्रतिनिधित्व भएको छ । १०० जनामा ३३ प्रतिशत महिला अनिवार्य गर्दा ३३ जना नै महिला पुऱ्याउनुपर्छ ।

हाल कांग्रेसबाट राष्ट्रियसभामा ४ र प्रतिनिधिसभामा १ जना महिला पुगेका छन् । अब बाँकी २८ जना महिला प्रतिनिधिसभाको समानुपातिकबाट पठाउनुपर्ने भएको हो ।

एमालेले २१ जना महिला पठाउनुपर्ने

नेकपा एमालेबाट संघीय संसदअन्तर्गत राष्ट्रियसभामा १७ जना रहेका छन् । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ४४ र समानुपातिकतर्फ ३४ गरेर ७८ जना पुग्दैछन् । दुवै सदनमा एमालेबाट ९५ जनाको प्रतिनिधित्व हुनेछ । ९५ जनाको ३३ प्रतिशत भनेको ३२ जना महिला हो ।

अहिले राष्ट्रियसभामा ७ र प्रतिनिधिसभामा ४ गरेर एमालेका ११ जना महिला छन् । बाँकी २१ जना महिला प्रतिनिधिसभाको समानुपाकितर्फबाट पूर्ति गर्नुपर्नेछ । यसअनुसार बाँकी १३ जना पुरुषलाई मात्र समानुपातिकबाट संसदमा प्रवेश पाउने मौका मिल्नेछ ।

माओवादी केन्द्रबाट १२ जना आउने

नेकपा माओवादी केन्द्रबाट संघीय संसदअन्तर्गत राष्ट्रियसभामा १५ जना रहेका छन् । प्रतिनिधिसभामा ३२ जना पुग्दैछन् । दुवै सदनमा माओवादीबाट ४७ जनाको प्रतिनिधित्व हुँदैछ । ४७ जनाको ३३ प्रतिशत १६ हो । राष्ट्रियसभामा माओवादीका ३ जना महिला छन् । प्रतिनिधिसभाको प्रत्यक्षबाट १ जनामात्रै निर्वाचित भएका छन् ।

यसअनुसार माओवादीले समानुपातिकबाट प्रतिनिधिसभामा १२ जना महिला पठाउनुपर्नेछ । माओवादीले समानुपातिकतर्फ १४ सीटमात्रै पाएको छ । जसअनुसार अब बाँकी २ सीटमा मात्रै पुरुषले ठाउँ पानेछन् ।

रास्वपाबाट ५ जना महिला अनिवार्य

राष्ट्रिय स्वतन्त्र पार्टीको राष्ट्रियसभामा प्रतिनिधित्व छैन । उसको प्रतिनिधिसभामा मात्रै २० जनाको प्रतिनिधित्व हुने भएको छ । २० जनाको ३३ प्रतिशत अनिवार्य महिला पुऱ्याउनुपर्ने व्यवस्थाअनुसार ७ जना महिलाको भाग पर्नेछ । रास्वपाबाट प्रतिनिधिसभाको प्रत्यक्षतर्फ २ जना महिला निर्वाचित भइसकेका छन् । त्यसैले ५ जनामात्रै समानुपातिकबाट पूर्ति गरे पुग्छ ।

समानुपातिकतर्फ रास्वपाले १३ सीट पाएको छ । जसअनुसार बाँकी ८ सीटमा पुरुषले मौका पाउनेछन् ।

राप्रपाको भाग पनि ५ जना महिला

राष्ट्रिय प्रजातन्त्र पार्टीको पनि राष्ट्रियसभामा प्रतिनिधित्व छैन । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ राप्रपाले ७ सीट जितेको छ । समानुपातिकतर्फ उसले ७ सीट पाउने भएको छ । यसअनुसार संघीय संसदमा १४ जनाको प्रतिनिधित्व हुँदैछ । १४ जनाको ३३ प्रतिशत भनेको ५ हो ।

यसअनुसार राप्रपाले समानुपातिकबाट ५ जना महिलालाई अनिवार्य संघीय संसदमा पठाउनुपर्नेछ । बाँकी २ सीटमा मात्रै राप्रपाले पुरुषलाई मौका दिने पाउनेछ ।

जसपाबाट ४ जना महिला आउने

जनता समाजवादी पार्टीबाट संघीय संसदअन्तर्गत राष्ट्रियसभामा ३ जना रहेका छन् । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ७ जना निर्वाचित भए । उसले

बाँकी तेश्रो पृष्ठमा

# नेपाल-भारत सीमा सुरक्षा बैठक समपन्न

दार्चुला : नेपाल-भारत सीमा सुरक्षा बैठक बुधबार धार्चुलाको एनएच पीसीमा समपन्न भएको छ।

नेपालको तर्फबाट प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्याय, सशस्त्र प्रहरी बल दार्चुलाका गणपति डम्मर बिस्ट, प्रहरी प्रमुख तर्कराज पाण्डे, महाकाली नदी नियन्त्रण आयोजनाका निमित्त प्रमुख करण सिंह धामी, भारतको तर्फबाट डीएम रीना जोशी, एसडीएम दिबेश शासनीको उपस्तिथि रहेको थियो। मंगलबार काठमाडौंस्थित भारतीय दूतावासमार्फत् कूटनीतिक नोट पठाइएको थियो।

त्यही नोटलाई आधार मानेर आदुई देशको बैठक आयोजना गरिएको बुझिएको छ। दुई देशको सहमतिमा महाकाली नदीको बहाब पुरानै अवस्थामा फर्काउने सहमति भएको छ। नेपालका इन्जिनियरहरू र भारतका इन्जिनियरहरूको संयुक्त अनुगमनमा काम गरिने डीएम रीना जोशीले बताइन्।




उन्ले भनिन्, 'महाकाली नदीको किनारमा राखेको बालुवा हटाउने कुरा भएको छ। दुबैतर्फबा इन्जिनियरहरूले नदीमा बनाइएका संरचनाहरूको अनुगमन गर्न पाउनेछन्। सीमा विवादको समस्यालाई धेरै ठूलो नबनाइ सामान्य रूपले लिने कुराको सहमति भएको छ।' १० दिनपछि फेरि नेपाल-भारतको सीमा सुरक्षा बैठ बस्ने उनले बताइन्।

प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले नदीमा निर्माण भएका संरचना भत्काउनुपर्ने सहमति भएको बताए। 'यो बैठक आवश्यक थियो। महाकाली नदीमा बनेका अस्थायी टहराहरू भत्काउनुपर्ने र तारजालीहरू हटाउनुपर्ने भनेका छौं,' उनले भने। उनले महाकाली नदीलाई बीच भागमा बगाएर छोड्नुपर्ने सहमति भएको बताए।

# सरकारले तत्काल धान खरिदको प्रक्रिया नथाले आन्दोलन गर्ने किसानहरुको चेतावनी

वीरगन्ज । नेपाल किसान महासंघ र अखिल नेपाल किसान महासंघले अविलम्ब किसानबाट धान खरिद प्रक्रिया अघि बढाउन सरकासँग माग गरेको छ । काठमाडौंमा बुधवार दुई महासंघले संयुक्तरुपमा पत्रकार सम्मेलन गरी यसबारेमा जानकारी गराएको हो । महासंघहरुले हिउँदे खेतीका लागि आवश्यक मलको तत्काल व्यवस्था गर्न पनि माग गरेका छन् । आफ्ना माग पूरा नभए किसान महासंघहरु देशभरका किसान परिचालन गर्न बाध्य हुने चेतावनी दिएका छन् । गत कार्तिक १६ गते बसेको मन्त्रीपरिषद्को बैठकले यस वर्षको लागि धानको समर्थन मूल्य निर्धारण गरेको थियो । जसअनुसार मोटा धानको मूल्य २ हजार ९६७ र मध्यम धानको मूल्य ३ हजार १२८ निर्धारण गरेको थियो ।गएको वर्ष भन्दा मोटा धानमा प्रतिक्विन्टल दुई सय १५ र मध्यम धानमा दुई सय २६ रुपैयाँ वृद्धि गरेको भए पनि लागतमूल्य र मुद्रास्फितिका आधारमा सरकारले निर्धारण गरेको मूल्यले किसानलाई लाभ नपुग्ने महासंघहरुले जनाएका छन् ।

पत्रकार सम्मलेनमा बोल्दै नेपाल किसान महासंघका केन्द्रीय सदस्य आदर्श कार्कीले मंसिरको मध्यसम्म पनि सरकारी निकायले धान खरिद प्रक्रिया शुरु नगरेकाले किसानहरु व्यपारीहरुलाइ



सस्तो मूल्यमा धान बेच्न बाध्य भइरहेको बताए । उनले धान खरिदका लागि आवश्यक बजेट निकासा नगर्दा धान खरिद प्रक्रिया अघि बढ्न नसकेको बताए । उनले धान खरिद गर्ने निकाय खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान खरिदको विषयमा चासो नदेखाएको बताए । यस्तै पत्रकार सम्मेलनमा अखिल नेपाल किसान महासंघका अध्यक्ष डा. प्रेम दंगालले अहिलेसम्म पनि धान खरिद प्रक्रिया अघि बढ्न नसक्नु किसानका लागि बिडम्वनाको विषय भएको बताए । उनले खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान खरिद गर्नसक्ने स्थिति नरहेको बताए। उनले

बाँकी तेश्रो पृष्ठमा

# जनमतको.....

प्रदेशतर्फ जम्मा ८.५९ प्रतिशतले यस निर्वाचन पद्धतिका आधारमा निर्वाचनमा प्रतिस्पर्धा गर्ने अवसर पाई केहीले मात्र विजयी बन्ने अवसर पाएका छन्। लेस्बियन, गे, बाइजेन्डर र ट्रान्स जेन्डर समुदायबाट एकमात्र उम्मेदवारले प्रतिस्पर्धा गरिराखेका छन्। समावेशी लोकतन्त्रको आधुनिक परिभाषालाई यस निर्वाचनले महत्तव दिएको देखिएन। कानुन निर्माताहरूमा यी समूहको उल्लेखनीय सहभागिता नगराउँदा समावेशी नीतिले लिएको लक्ष्य पूरा हुन सक्ने देखिएन। यो दलहरूको ठूलो लापरवाही हो। यसबाट लोकतन्त्रमा संकुचन आउने निश्चित छ। प्रतिनिधिसभामा हुने प्रतिनिधित्वको अवस्थाको अनुगमन गर्ने हो भने यो पक्ष थप आलोचित र अप्रभावकारी बन्ने अवस्था स्पष्ट छ। समानुपातिकतर्फको बन्द सूचीमा समेत पारिवारिक नातागोता र इष्टमित्रको बाहुल्य छ। नेपाली लोकतन्त्रको अवस्थालाई दलहरूले स्वविवेकीय अधिकारका रूपमा ग्रहण गर्ने गलत प्रवृत्ति हाबी हुँदै आएको छ। यसले लोकतन्त्रमा नै प्रश्न चिह्न खडा गरिराखेको छ।

यो निर्वाचनले निर्वाचित प्रतिनिधिलाई मतदाताप्रति जवाफदेही बनाउने पक्षलाई अस्वीकार गरेको छ। नागरिक आफ्ना प्रतिनिधिलाई आफूप्रति जवाफदेही बनाउन असफल प्रायः छन्। उनीहरू यस निर्वाचनले दलको आदर्श र सिद्धान्तलाई विस्मरण गरेको देख्दा आजित छन्, थकित छन्। दलले सिद्धान्त परित्याग गरेपछि त्यस्ता दलले सार्वजनिक गरेका प्रतिबद्धता र घोषणा त्रसमेत कर्मकाण्डी बन्न पुग्छ। दुई डिजिटको वृद्धिदर कायम गराउने, देशलाई समृद्ध बनाउने, सामाजिक सुरक्षाका लागि थप रकमको व्यवस्था गर्नेजस्ता प्रतिबद्धता पुरानै प्राप्त गर्न नसकिएका प्रतिबद्धताको पुनरावृत्ति गराएको छ।

प्राप्त गर्न नसक्ने प्रतिबद्धता गरेर दलहरूले ठूलो मनोरञ्जन मतदातालाई प्रदान गरेका छन्। प्रायः सबै दल जनतालाई गुमराहमा राख्न अभ्यस्त छन्। जनतालाई गुमराहमा राखेर २१औं शताब्दीमा लोकतन्त्रको संस्थागत विकास सम्भव हुँदैन।

लोकतन्त्रमा नागरिकलाई मताधिकार प्रदान गर्न नचाहने अवस्था देखिएको छ। यस देशका करिब ६० लाख नेपालीले विदेशी भूमिमा श्रम बेचेर नेपालमा विप्रेषण पठाइराखेका छन्। नेपालका शासक, बुद्धिजीवी सबै नेपालको आर्थिक विकासमा विप्रेषणको योगदान महत्वपूर्ण भएको आख्यान गरेर सत्तामा बस्नेहरू गौरवान्वित महसुस गर्छन्।

**साभार अन्नपूर्णपोष्ट्**

सुचना सुचना सुचना

